# शान्तिनगर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चिराघाट, दाङ
५ नं. प्रदेश, नेपाल

प.सं. २०७५/०७६
च.नं.

मितिः २०७५/०९/२३

**ठेक्का नं ०४/SRMNCB/०७५/०७६ बौलाह खोला (जुम्लेकुला घाट, पेदीखोलाको झोलुङ्गेपुल र स्कुल घाट, वस्तीखोलाको सिमलगैरी घाट र केराघारी खोलाको प्रा.वि. स्कुल घाट) को नदीजन्य पदार्थको आन्तरिक विक्री शुल्क असूल उपर**

लिखितम् शान्तिनगर गाउँपालिका वडा नं ४ स्थित एकराज निर्माण एण्ड सप्लायर्स प्रा.लि.को प्रो. म एकराज डाँगी आ.व. २०७५/०७६ को लागि ठेक्का नं ०४/SRMNCB/०७५/०७६ बौलाह खोला (जुम्लेकुला घाट, पेदीखोलाको झोलुङ्गेपुल र स्कुल घाट, वस्तीखोलाको सिमलगैरी घाट र केराघारी खोलाको प्रा.वि. स्कुल घाट) को नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी बालुवा) ठेक्कामा तोकिए अनुसारको आन्तरिक विक्री शुल्क असूल उपर गर्ने तपाईको ठेक्का शान्तिनगर गाउँ कार्यपालिकाको मिति २०७५/०९/१७ गतेको निर्णयानुसार स्वीकृत गरिएको छ । साथै तपाईको कबोल अंक रू. २५,७५,२००।०० यस कार्यलमा पेश गरी सक्नु भएको हुँदा तपसील बमोजिमको शर्तहरको अधिनमा रही ठेक्का चलन गर्न मञ्जुरी भई आउनु भएको हो/होइन भनी आज मलाई शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकको कार्यालय चिराघाट, दाङबाट सोधनी हुँदा मेरो चित्त बुझ्यो । मैले तपसील बमोजिमको शर्तहरुमा कत्तिपनि घटीबढी नपारी ठेक्का चलन गर्न मञ्जुरी भई ठेक्का कामकाज गर्नेगरी कबुलियत गर्न उपस्थित भएको छु। पछि कुनै कुराको उजुर बाजुर गर्ने छैन । गरे यसै कागजबाट बदर गरिदिनु भनी मेरो मनोमानी खुशी राजीसंग यो ठेक्का कबुलियतनामा लेखी शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दाङमा चढायौं ।

**तपसील**

**नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) आन्तरिक विक्री शुल्क उठाउने दर (भ्याट वाहेक) प्रति क्यूफिट रु ६।००**

| क्र.सं. | खोला तथा स्थान | लम्बाई | चौडाई | गहिराई | परिमाण |
|---|---|---|---|---|---|
| १ | शान्तिनगर गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने बौलाह खोलाको जुम्लेकुला घाट, पेदीखोलाको झोलुंगेपुल र स्कुल घाट, वस्तीखोलाको सिमलगैरीघाट केराघारी खोलाको प्रावि स्कुल घाटमा ढुंगा, गिटी, बालुवा, ग्राभेल आदि (स्वीकृत खानी क्षेत्र बाहेक) | | | | ३,५७,२१०। |

**शर्त तथा वन्देजहरू**

१ मूल्य अभिबृद्धि कर वापतको रकम २०७५ साल माघ २५ भित्र दाखिला गरी सक्नु पर्नेछ । तोकिएको समयभित्र मुल्य अभिवृद्धि कर नबुझाएमा तपाईले यस कार्यालयमा कामको शिलसीलामा जम्मा गरेको रकमबाट उक्त रकम अशुल उपर गरिने छ । यसमा ठेकेदारले कुनै किसीमको हर्जाना दावी गर्न पाउने छैन ।

२ नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्/संकलन एवं ढुवानी कार्यमा स्थानीय वासीलाई पहिलो प्राथमिकता दिई कार्य गर्नु गराउनु पर्नेछ ।

३ वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै कार्य गर्न पाईने छैन । साथै सम्बन्धित खोला नदीको स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदनमा उल्लेखीत सर्तहरुको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

४ नदीजनय पदार्थको निकासी गर्ने बाटोको मर्मतको व्यवस्था बोलपत्रदाता स्वयंम्ले गर्नुपर्नेछ । सो खर्चको दावी गर्न पाइने छैन ।

५ नदीजन्य पदार्थको उत्खनन्, स.कलन एवं ढुवानी गर्दा खटिएका कार्यालयसँग सम्बन्धित प्राविधिक तथा अन्य कर्मचारीहरुको निर्देशन पालना गर्नुपर्नेछ ।

६ नदीजन्य पदार्थ उत्खनन्, संकलन एवं ढुवानीको समय विहान ६.०० बजेदेखि वेलुकी ७.०० बजेसम्म मा कायम गरिएकोले सो नियमको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

७ नदीजन्य पदार्थ उत्खनन् गरिसकेपछि छनौट गरि छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थानमा लर्गा मिलाएर छाड्नु पर्नेछ । उत्खनन् गर्दा नदीको धार नबदलिने गरी उत्खनन् कार्य गर्नु पर्नेछ ।

८ नदीजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनलाई पटकै पिच्छे विक्री आदेश वा विल स्पष्टसंग भरी जानकारी गरिएको हुनुपर्नेछ ।

९ नदीजन्य पदार्थ ढुवानी गर्ने साधनहरुमा १२० घ.फु.ट्रेक्टर र ४०० घ.फु. सम्मको ट्रक/टिप्पर मात्रको प्रयोग गर्न पाइने छ ।

१० नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाइने छैन । साथै नदीजन्य पदार्थ ढुवानी स्थलबाटै ढाकेर लैजानुपर्ने छ र सवारीको गति ४० कि.मी. प्रति घण्टा भन्दा बढिमा हांक्न पाईने छैन ।

११ नदीजन्य पदार्थको उत्खनन् /संकलन एवं ढुवानी गर्ने मूल बाटोबाट सवारी साधन प्रवेश हुने मागको नियमति मर्मत गर्ने र धुलो उड्न नदिन नियमित पानी छर्कने कार्य ठेकेदारको तर्फबाट गर्नुपर्नेछ ।

१२ नदीजन्य पदार्थ लोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन सडकमा पार्किङ गर्न पाइने छैन ।

१३ खोला नदीको दुवै किनारमा चौडाइको १/३ भाग भन्दा बढी क्षेत्रमा नदीजनय पदार्थको कुनै उत्खनन् एवं संकलनको कार्य गर्न पाइने छैन र उत्खनन् एवंम संकलन कार्यको दैनिक रेकर्ड राखी प्रत्येक महिनाको परिमाणको रेकर्ड महिना व्यतित भएको ७ (सात) दिनभित्र अनिवार्य रुपमा यस शान्तिनगर गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

१४ तोकिएको परिमाण पुरा हुनासाथ उत्खनन् एवम् संकलन कार्य बन्द गर्नुपर्नेछ । साथै ठेक्काको अवधि २०७६ जेष्ठ मसान्त सम्म भएता पनि परिमाण पुरा भैसकेपछि ठेक्का स्वत समाप्त हुनेछ ।

१५ Deposit भएको नदीजन्य पदार्थ उत्खनन् एंवम् संकलन गर्दा तोकिएको खोला नदीको तोएिको Channel क्षेत्रमा रहेको Deposit मात्र उत्खनन् ,संकलन एवंम् विक्री वितरण गर्नुपर्नेछ ।

१६ नदीलाई Channelizing गरी उत्खनन् एंवम् संकलन गर्दा नदीको Bed Meterial लाई विशेष ध्यान दिई नदीको दुवै किनारा कटानलाई सुरक्षा हुने गरी संकलन गर्नुपर्नेछ ।

१७ नदीजन्य पदार्थ उत्खनन् एंवम् संकलन क्षेत्रको नक्शासहित परिमाण र अन्य जानकारी सहितको Hoarding Board खोला तथा नदीको स्वीकृत घाट/नाकामा राख्नु पर्नेछ ।

१८ नदीजन्य पदार्थ उत्खनन् गर्न दिइएको क्षेत्रको चार किल्ला चारै कुनामा ८ फिट लम्बाईको फलामे वा काठको किला ३.५ फिट गाडी चिन्ह लगाई सोही किलामा झण्डा झुण्ड्याई सोही बमोजिम उत्खनन् एंवम् संकलन कार्य गर्नुपर्नेछ ।

१९ उल्लेखित शर्तहरु पालना गर्ने गराउने जिम्मेवारी स्वयं ठेकेदारको हुनेछ । कुनैपनि शर्तहरु पालना नगरेको पाईएमा शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय बमोजिम ठेकेदारबाट जरिवाना असुल उपर गरी ठेक्का समेत तोड्न सकिनेछ ।

२० ठेकेदार र कार्यालय विचमा ठेक्का शर्त सम्बन्धि कुनै कुरामा विवाद पर्न आएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन ।

२१ ठेक्का समाप्त भए पछि धरौटी फिर्ता लिन आउँदा लाग्ने करहरु बुझाई सकेको (करचुक्ता) प्रमाणपत्र पेश गरेपछि मात्र धरौटी फुकुवा गरिने छ ।

२२ आफूले लिएको ठेक्काको चलन गरी रकम उठाउने जिम्मेवारी ठेकेदार स्वयंम्कै हुनेछ ।

२३ गाउँपालिकाको अनुगमन समिति र जिल्ला समन्वय समिति, दाङले समय समयमा दिएको निर्देशन/परिपत्रको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

२४ अर्काको घरजग्गा, कुलो, बाँध, पैनी र सार्वजनिक भवनलाई क्षति हुने गरी नदीजनय पदार्थ निकाल्न पाइने छैन ।

२५ दररेट सहितको साइनवोर्ड सवैले देख्ने गरी सम्बन्धित कर संकलन केन्द्रमा अनिवार्य रुपमा राख्नु पर्नेछ । राजमार्ग वा सहायक राजमार्गमा यातायात अवरुद्ध हुनेगरी कुनै काम गर्न/गराउन पाइने छैन ।

२६ यस कार्यालयलाई बुझाउनुपर्ने ठेक्का रकम नेपालबन्द, आमहडताल, नाकाबन्दी र चक्काजाम जस्ता अप्रत्यासित निकायबाट कुनै श्रोत संकलन तथा उपयोगमा बन्देज लगाएमा गाउँ कार्यपालिकाको निर्णयानुसार बन्देज लगाएको दिनको मात्र दामासाहीले हिसाव गरी रकम मिलान्/फिर्ता गर्न सकिनेछ ।

२७ रसिदहरु ठेकेदार आफैले छपाई कार्यालयको छाप र यस कार्यालमा रसिद नं. दाखिला गरेर मात्र प्रयोगमा ल्याउनु पर्नेछ ।

२८ प्रचलित कानून अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंमले नै आफ्नो तर्फबाट व्यहोर्नु पर्नेछ ।

२९ ठेक्का सम्झौता भएको मिति देखि मात्र ठेक्का चलन गर्न पाईनेछ । साथै तोकिएको परिमाण उठाई नसकेता पनि ठेक्काको अवधि २०७६ साल् जेष्ठ मसान्त सम्म मात्र हुनेछ ।

३० सिचाई, कुलो, बाँधको ५० मिटर तल/माथि, दायाँ/वायाँ छाडेर मात्र नदीजन्य पदार्थ निकाल्न पाईनेछ । तर Over Deposit भएको नदीजन्य पदार्थ उठाउनै पर्ने आवश्यकता महशुस भै सम्बन्धित निकायले सिफारीस गरेमा गाउँ कार्यापालिकाको निर्णयानुसार हेरफेर गर्न सकिनेछ ।

३१ हेभी मेशिनरी औजार (इस्काभेटर, डोजर) लगायतका ठूला उपकरणहरु प्रयोग गरी नदीजनय पदार्थ ढुंङ्गा, गिट्टी , वालुवा उत्खनन् एंवम् संकलन गर्न पाइने छैन । तर विकास निर्माण कार्यको लागि मात्र आवश्यक पर्ने नदीजन्य पदार्थ गाउँ कार्यपालिकाको निर्णयानुसार खोला/नदीलाई Channelizing गरी नदीको Bed Materials लाई विशेष ध्यान दिई वातावरणीय प्रभाव मूल्यांकन EIA प्रतिवेदनको परिधिभित्र रही प्रतिवेदनमा उल्लेखित शर्तहरुको पूर्ण रुपमा पालना गर्ने गरी Backhoe Loader मेशिन निश्चित समयको लागि मात्र प्रयोग गर्न दिईनेछ ।

३२ सम्झौतामा उल्लेखित भन्दा बढी नदीजन्य पदार्थ उत्खनन् गरेको पाईएमा बढी उत्खनन् गरेको परिमाणको मूल्यांकन गरी मूल्यांकनको दोब्बर रकम जरिवाना गरिने छ ।

३३ ठेक्का अंकमा मूल्य अभिबृद्धि कर (VAT) समावेश नभएकोले रोयल्टी असूल गर्दा तोकिए वमोजिमको मूल्य अभिबृद्धि कर (VAT) वापतको रकम समेत समावेस गरी कर असूल उपर गर्नु पर्नेछ ।

**ईति सम्वत् २०७५ साल पौष २३ गते सोमबार रोज शुभम्.............................................**

**साक्षी**

**ठेकेदारको तर्फबाट**

..........................

एकराज निर्माण एण्ड सप्लायर्स प्रा.लि.
प्रो. एकराज डाँगी
शान्तिनगर गाउँपालिका ४ दाङ ।
दाङ

**कार्यालयको तर्फबाट**

..........................

टोम वहादुर पार्धे
(लेखा अधिकृत)
शान्तिनगर गा.पा. दाङ

**कार्यालयको तर्फबाट**

..........................

निम वहादुर के.सी.
(प्रमुख प्रशासकिय अधिकृत)
शान्तिनगर गा.पा.चिराघाट,

**रोहवरमा**

..........................

श्री कमान सिंह डाँगी
(अध्यक्ष)
शान्तिनगर गाउँपालिका चिराघाट, दाङ ।